# अन्नपुर्ण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
स्थाः २०७३
गण्डकी प्रदेश, नेपाल

सम्पर्क नं. ९८५७६८३८१९ (प्र.प्र.अ.)
ईमेल : ito.annamun@gmail.com
वेब : www.annapurnamunmyagdi.gov.np


मिति : २०७६/१२/०७

**अन्नपुर्ण गाउँपालिकाको अत्यन्त जरुरी सुचना ।**

विश्वभर महामारीको रुपमा फैलिदै गएको कोरोना भाइरस (COVID-19) को उच्च जोखिमलाई मध्यनजर गर्दै यस बारे उच्च सतर्कता कायम गर्ने प्रयासहरु भैरहेका छन् । हाल सम्म नेपालमा (COVID-19) को संक्रमण पुष्टि नभएको भए पनि सम्भावित संक्रमणको खतरालाई ध्यानमा राख्दै प्रयाप्त स्वास्थ्य सचेतना अवलम्बन गर्न जरुरी रहेको छ । नोभेल कोरोना भाइरसको संक्रमणबाट बच्न कुनैपनि सभा, सम्मेलन, बैठक, आमभेला, सेमिनार, समारोह, तालिम तथा अन्य साना तथा ठुला जमघटमा सहभागि नहुन आम गाउँपालिकाबासीमा हार्दिक अनुरोध गर्दछौ । साथै यस गाउँपालिकाको विभिन्न स्थानमा भएका तातोपानी कुन्डहरु, पर्यटकीय स्थलहरुमा समेत नजानको लागि सम्बन्धि वडाहरुमा पत्राचार गरिएको छ र सुचना नपाएको भए यसै सुचना साथ अनुरोध गरिन्छ । व्यक्तिगत सरसफाईमा ध्यान दिदै नियमित साबुनपानीले हात धुने तथा माक्स र स्यानीटाईजरको प्रयोग गर्ने बानीको विकास गर्न पनि अपिल गर्दछौ । अत्यावश्यक काममा बाहेक सकेसम्म घरबाहिर ननिस्कन र कुनै संकास्पद लक्षण देखिएमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहुन आम सर्वसाधारणमा हार्दिक अपिल गर्दछौ ।

..............................................
क्या. डम बहादुर गर्बुजा पुन
अध्यक्ष
अन्नपुर्ण गाउँपालिका, म्याग्दी

क्या. डमबहादुर गर्बुजा पुन
गाउँपालिका अध्यक्ष